# महान्यायाधिवक्ताको कार्यालय

## नेपाल

(............कर्मचारी प्रशासन.......... शाखा)

रामशाहपथ, काठमाडौं


पत्र संख्या :- २०८०/०८१

चलानी नं. :- ६५२

मिति :- २०८१/०६/०८
ने.स .११४४ ञलागा ७

विषयः <u>अधिकार प्रत्यायोजन भए बमोजिम गर्ने /गराउने सम्बन्धमा।</u>

**श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरु, महान्यायाधिवक्ताको कार्यालय।**

**श्री सहन्यायाधिवक्ताज्यूहरु,**

**उच्च सरकारी वकील कार्यालय सबै।**

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताले आफूमा निहित अधिकार सरकारी वकीलले प्रयोग र पालना गर्न पाउने गरी देहाय बमोजिमका अधिकारहरु मिति २०८१/०६/०४ गते देखि लागू हुने गरी प्रत्यायोजन गर्ने निर्णय भएकाले सो बमोजिम गर्न/ गराउनका लागि अनुरोध गरिन्छ।

१. नेपाल सरकार वादी हुने मुद्दामा सर्वोच्च अदालतबाट भएको फैसला उपर न्याय प्रशासन ऐन, २०७३ को दफा ११ बमोजिम पुनरावलोकन गर्ने वा नगर्ने अन्तिम निर्णय सम्बन्धित नायब महान्यायाधिवक्ताले गर्ने।

२. नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा सम्बन्धित अदालतबाट अभियोग माग दाबी बमोजिम सबै प्रतिवादीको हकमा कसूर ठहर भई सजाय भएको तर जफतको माग दाबी लिइएका साधन वा सम्पत्ति जफत नहुने वा सो विषयमा फैसलामा नबोलेकोमा सो हदसम्म पुनरावेदन गर्नुपर्ने अवस्था नभएमा पुनरावेदन नगर्ने अन्तिम निर्णय उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने।

३. मुलुकी अपराध संहिता ,२०७४ को परिच्छेद 20 (चोरी तथा डाँका सम्बन्धी कसूर ) बमोजिमको कसूरमा सम्बन्धित अदालतबाट अभियोग माग दाबी बमोजिम सबै प्रतिवादीको हकमा कसूर ठहर भई सजाय भएको तर माग दाबी लिइएको बिगो मध्ये बरामद भएको बिगो मात्र भराउने गरी फैसला भएकोमा सो हदसम्म पुनरावेदन गर्नुपर्ने अवस्था नभएमा पुनरावेदन नगर्ने अन्तिम निर्णय उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने।

४. अभियोजन गर्दाका बखत प्रचलनमा रहेको कानून बमोजिम जरिबाना वा क्षतिपूर्तिको माग दाबी लिइएकोमा फैसला हुँदाको बखत त्यस्तो कानून निष्क्रिय/खारेज भएको कारण जरिबाना वा क्षतिपूर्ति भराउने ठहर नभएको वा सो सम्बन्धमा फैसलामा नबोलेको अवस्था भएकोमा पुनरावेदन नगर्ने अन्तिम निर्णय उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने।

२०८१/०६/०८
..................
पुष्पराज बास्तोला
उपन्यायाधिवक्ता

**अवगतार्थः**

मानननीय महान्यायाधिवक्ताज्यूको सचिवालय।


☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np